गैंडाकोट, नवल... गण्डकी प्रदेश, नेपाल २०७२

**मिति २०८०।०७।१६ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को चौथो नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको जल यातायात सञ्चालन कार्यविधि,२०८० लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि छनोट भएको वडा नं. ६ को जग्गामा नगरपालिकको फोहोरमैला व्यवस्थापन गर्ने विषयका सन्दर्भमा गुणस्तरीय र दिगो योजनाको कार्यान्वयनको लागि यसको सफल अभ्यास भएका स्थानीय तहहरुको अध्ययन,स्थलगत अवलोकन गराउने प्रयोजनका लागि सम्बद्ध सरोकारवाला पक्षहरुलाई समावेश गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**निर्णय नं. ३** महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ,सुरक्षा परिषद् प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाको लागि गैंडाकोट नगरपालिकामा देहाय बमोजिमको उपसमिति गठन गरियो।

संयोजकः श्री शान्ति कोइराला उपप्रमुख

सदस्यःश्री गोमा रेग्मी सुवेदी गैंडाकोट - ५

सदस्यः श्री मायादेवी ठकुरी गैंडाकोट- ६

सदस्यः श्री तारा उपाध्याय गैंडाकोट नगरपालिका

सदस्यः श्री सीता कुमारी लामिछाने पौडेल गैंडाकोट नगरपालिका

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकामा विगत देखि व्यवसाय गर्दै आएका खास गरी भारतीय नागरिकको हकमा व्यवसाय दर्ता एवं नविकरण गर्ने प्रयोजनका लागि नेपालमा रहेको भारतीय दूतवासबाट जारी भएको परिचयपत्रका आधारमा उनीहरुले सञ्चालन गरेका व्यवसायहरुको दर्ता एवं नविकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाले आफ्नो डिजिटल तथ्यांक अध्यावधिक गर्न नगर प्रोफाईल,MTEF,ONM, विश्वव्यापी रुपमा घोषणा गरिएका दिगो विकासका योजनाहरुलाई नगरपालिकाको तर्फबाट स्थानीयकरण गर्ने योजना बनाउने र नगर क्षेत्रमा बसोबास गर्ने नागरिकहरुको नगरपालिकाले गरेका विकास निर्माण एवं सेवा प्रवाह लगायतका विषयमा जनस्तरमा नगरपालिकाको कार्य सम्पादनसंग सम्बन्धित रहि नागरिक सन्तुष्टि सर्वेक्षणको कार्य गर्न आ.व. २०८०/०८१ मा विनियोजन भएको शिर्षकबाट अपुग रकम नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च गर्ने गरी उक्त कार्यका लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकाको आ.व. २०८०\०८१ का लागि स्वीकृत भएका योजनाहरुको कार्यान्वयनका लागि योजना तथा कार्यक्रमहरुको अन्ति सम्झौता मिति २०८० पौष मसान्त भित्र अनिवार्य सम्झौता गरी योजनाहरुको कार्यान्वयन गर्न सम्बद्ध सरोकारवाला पक्षहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाको मिति २०८०।०७। ०२ मा प्रकाशन भएको नगर प्रहरीको नतिजा अनुसार महिलाको बैकल्पिक योग्यताक्रममा ( प्रतिक्षा) सूचीमा रहेका नगर प्रहरी जवान पदका क्र.सं. १ र २ का उम्मेदवारलाई हाललाई रिक्त नगर प्रहरी जवान पदमा करारमा राखी कामकाजमा लगाउने निर्णय गरियो।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको आ.व. २०८०\०८१ का लागि स्वीकृत भएका योजनाहरु मध्ये रु १० लाख र सो भन्दा माथीका पूर्वाधारतर्फका सबै योजनाहरु र उज्यालो कार्यक्रम अन्तर्गत विनियोजन भएका सबै योजनाहरुलाई एकिकृत गरी भौगोलिक खण्ड मिलाई नगरपालिकाको तर्फबाट टेण्डरको प्रक्रियाको माध्यबाट कार्यान्वयन गर्ने निर्णय भए बमोजिम सबै वडा कार्यालयहरुले माथी उल्लेखित वडा एवं विषयगत समितिका योजना तथा कार्यक्रमहरुको टेण्डरमा लैजाने योजनाहरुको नामावली सूची मिति २०८० मंसिर १५ गते भित्र अनिवार्य नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गरी पठाउन निर्देशन दिने निर्णय गरियो।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाका एक वडा एक बाली उत्पादन लागि बाली अनुसारको वडा छनोट गर्ने प्रयोजनका लागि स्थानीय किसान,प्राविधिक कृषि बाली विज्ञ,वडा समिति एवं सरोकारवालाहरुबाट प्रक्रिया पुरा गरी सिफारिस भएको आधारमा छनोट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** गैंडाकोट नगरपालिका भित्र रहेका मापदण्ड अनुसारका बाटोहरु सबै एवं विगत देखि चलचल्तीमा रहेका बाटाहरु सबैलाई सामुहिक रुपमा उक्त बाटोहरु कै नाममा नै लगत कट्टा गर्ने प्रयोजनका लागि नगरपालिकाको तर्फबाट सरोकारवाला एवं सम्बद्ध पक्षहरुसंगको समन्वयमा कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो

**निर्णय नं. ११** गैंडाकोट नगरपालिका स्थित वडा नं. ४ को मुकुन्दसेन पार्क तथा सूर्यभक्त बाटिकामा बाल उद्याम तथा व्यायम शाला निर्माण एवं जडान गरी सञ्चालनमा आएको र सार्वजनिक शारीरिक व्यायम शालाको लागि तहाँ प्रयोग भएका सामाग्रीहरु खरिद एवं स्थापनामा भएको खर्चको लागि नगरपालिकको आन्तारिक स्रोत शिर्षकबाट खर्च लेख्ने गरी रु. ३( तीन) लाख आर्थिक भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२** बहुक्षेत्रिय पोषणको आ.व.२०८०/०८१ को एकिकृत बार्षिक कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** गैंडाकोट वडा नं.७ निवासी श्री सुन्दर कुमार कुमालका दुई जना छोराहरु क्रमशःसमिर र संगम कुमाल नारायणी नदीमा पौडी खेल्ने क्रममा डुवेर मृत्यु भएका २ जना बच्चाहरुको लागि जम्मा रु.५० हजार राहत स्वरुप निजहरुको परिवारको सदस्यलाई सम्बन्धित वडाको सिफारिस तथा प्रहरी मुचुल्का समेतका आधारमा राहत उपलब्ध गराउने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख